☎ { ५-५२११६५
{ ५-५२३०५१

नेपाल सरकार
गृह मन्त्रालय
# जिल्ला प्रशासन कार्यालय
( .......................... फाँट)
ललितपुर

पत्र संख्या :-
चलानी नं. :-
प्राप्त पत्र संख्या र मिति :-

लक्ष्मी निवास, ललितपुर

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
ललितपुर

मितिः २०८१।०१।२४
**ने.स. : ११४४ चैलागा, १३ सोमवार**

## सूचना।

नेपालको संविधानको धारा, १७ ले प्रत्येक नागरिकलाई विचार र अभिब्यक्तिको स्वतन्त्रता एवम् विना हातहतियार शान्तिपूर्वक रुपमा भेला हुने हक प्रत्याभूत गरेको छ। साथै, नेपालको संविधानको धारा ४८ मा सार्वजनिक सम्पत्तिको सुरक्षा र संरक्षण गर्नु प्रत्येक नागरिकको कर्तव्य हुने व्यवस्था गरेको छ।

अतः संविधान र प्रचलित कानून प्रदत्त अधिकारको प्रयोग गर्दा राजनैतिक दल, संगठित संस्था, सरकारी वा गैर सरकारी संघ संस्था, व्यक्ति वा समूहबाट गरिने सार्वजनिक प्रदर्शन, धर्ना-जुलुस, हडताल, वा अन्य विरोधका कार्यक्रम गर्दा वा यस्ता कार्यक्रमको अनुमती दिदाँ सरकारी सार्वजनिक एवम् व्यक्तिगत सम्पत्तिको हानी नोक्सानी र क्षति समेत हुने गरेको सन्दर्भमा नागरिकलाई संविधानले प्रदान गरेको विचार र अभिव्यक्तिको स्वतन्त्रता तथा शान्तिपूर्वक रुपमा भेला हुने हकको उपभोगलाई थप सुव्यवस्थित गर्दै सरकारी सार्वजनिक एवम् व्यक्तिगत सम्पत्तिमा हुने हानी नोक्सानीलाई न्यूनीकरण गर्ने उद्देश्यले क्षतिको यथार्थ लेखाजोखा र मूल्याङ्कन गरी त्यसको परिपुरण गर्न समेत आवश्यक भएकोले सुशासन (सञ्चालन तथा व्यवस्थापन) नियमावली, २०६५, को नियम ९ ले दिएको अधिकार प्रयोग गरी **"सार्वजनिक प्रदर्शन, हडताल तथा विरोधका कार्यक्रमबाट हुने क्षति मुल्याङ्कन सम्बन्धी कार्यविधि, २०८१"** बमोजिम क्षतिको मुल्याङ्कन गराई सम्बन्धित पक्षबाट विगो भराउने तथा प्रचलित कानून बमोजिम कारवाही समेत हुने हुँदा अनुशासित, मर्यादित र शिष्टतवरले सार्वजनिक सम्पत्तिमा क्षति नपुर्याई उक्त कार्यहरु गर्न अनुमती दिन सकिने व्यहोरा सर्वसाधारण सबैमा जानकारी गराईन्छ।

कल्पना घिमिरे नेपाल
(सहायक प्रमुख जिल्ला अधिकारी)
सहायक प्रमुख जिल्ला अधिकारी